जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक २९६ • २०८२ श्रावण ३० गते शुक्रवार • 15 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# स्वास्थ्य क्षेत्रमा देखिएका विकृतिहरू अन्त्य गर्न सबैको सहयोग आवश्यक: मुख्यमन्त्री

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ श्रावण**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले स्वास्थ्य क्षेत्रमा देखिएका विकृतिहरू अन्त्य गर्न सबैको सहयोग आवश्यक भएको बताउनुभएको छ। मधेश प्रदेशको राजधानी जनकपुरधाममा बिहीबारबाट सञ्चालनमा आएको आरोग्य निकेतन अस्पतालको उद्घाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले स्वास्थ्य क्षेत्रमा सुधारका लागि विगतमा आफूले सञ्चालन गरेको अस्पताल अनुगमनको अभियानको क्रममा मधेश प्रदेशमा सञ्चालित केही अस्पतालमा विभिन्न खालका विकृतिहरू देखिएको भन्दै त्यस्ता विकृतिहरू अन्त्यका लागि सरोकारवाला सबै पक्षको निगरानी आवश्यक रहेको बताउनुभयो ।

उहाँले मधेश प्रदेशमा मापदण्डविपरीत धेरै जसो अस्पताल सञ्चालन गरिएको र त्यस्ता अस्पताललाई प्रदेश सरकारले बन्दसमेत गराएको बताउनु भयो



। उहाँले एम्बुलेन्सका ड्राइभरहरूले अस्पताल खोलेर दिनदहाडै नागरिकलाई लुटने गरेको भन्दै त्यस्तो गर्ने जोकोहीलाई पनि कारबाहीको दायरामा ल्याउने बताउनुभयो ।

उहाँले अस्पताल खोल्ने क्रम बढे पनि त्यसको समुचित व्यवस्थापनको अभावमा जनकपुरधामको केही अस्पताल आफैँ बिमार अवस्थामा रहेको भन्दै अस्पताल खोल्दा व्यवस्थापकीय पक्षलाई ध्यान दिनु जरुरी रहेको बताउनुभयो। उहाँले खानपानका कारण मुटु रोगीको सङ्ख्या दिनानुदिन बढ्दै गएको भन्दै यस्तो अवस्थामा आजबाट सञ्चालनमा आएको आरोग्य निकेतन अस्पतालले मुटु रोगसम्बन्धी विभिन्न सेवा उपलब्ध गराउने भनिएकाले यस क्षेत्रका नागरिकलाई बिरामी परेको खण्डमा उपचारको सेवा लिन सहज हुने बताउनुभयो । उहाँले अस्पतालहरूले गरिब विपन्नका लागि छुट्याएको १० प्रतिशत शय्याको व्यवस्थाको सुविधासमेत हुने खानेले नै लिइरहेको भन्दै यस विषयमा अस्पतालहरूले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले गरिब विपन्नका लागि गरिएको विशेष व्यवस्थाको उपयोग सोही वर्गका व्यक्तिहरूले नै लिनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका आरोग्य निकेतन अस्पतालका अध्यक्ष डा. गोराङ्ग मिश्राले नागरिकलाई सन्तुष्ट हुने किसिमले अस्पतालबाट सेवा प्रवाह हुनेमा आफू पूर्ण विश्वस्थ रहेको बताउनुभयो । उहाँले अहिलेको समयमा आज सिकेको सिप भोलि गएर पुरानो हुने गरेको भन्दै समयको अपेक्षा अनुसारको प्रविधिहरू जडान गरी अस्पतालले सेवा प्रवाह गर्ने बताउनुभयो ।कार्यक्रममा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत, वरिष्ठ चिकित्सक डा. विजयकुमार सिंह, डा. अमित सिंह, जनकपुरधाम उपमहानगरपालिकाका पूर्व नगर प्रमुख व्रिखेस चन्द्र लाल, बजरङ्ग साह, समाजसेवी असगर अली लगायतको उपस्थिति थियो ।

# "नेपाल-भारत कायस्थ एकताको सन्देशसहित डा. दत्तको गुजरात यात्रा"

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ श्रावण**

मधेशी आयोगका प्रथम निवर्तमान अध्यक्ष डा. विजयकुमार दत्तलाई भारत भ्रमणको क्रममा गुजरातको बडोदरा सहरमा भव्य स्वागत गरिएको छ। हाल भारत भ्रमणमा रहेका डा. दत्त विशेष रूपमा गुजरातमा रहेका कायस्थ समुदायका सदस्यहरूसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुन पुगेका हुन्।

गुजरात भ्रमणको अवसरमा उनलाई गुजरात संसदका पूर्व सांसद मनुभाई श्रीवास्तव, अखिल भारतीय कायस्थ महासभाका राष्ट्रिय महासचिव डा. कृष्ण कुमार श्रीवास्तव, कायस्थ महिला समाजकी अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक अभियन्ता



तथा गुजरातका चर्चित व्यापारीहरूले फूलमाला र सम्मानपत्रसहित आतिथ्यपूर्ण स्वागत गरेका थिए। कार्यक्रममा सम्बोधन गर्दै पूर्व अध्यक्ष डा. दत्तले कायस्थ समाजलाई आपसी एकता र सहयोगको भावनामा जोड दिँदै, "कायस्थको उत्थानका लागि एकजुट भई संगठित रूपमा अगाडि बढ्न आवश्यक छ," भन्ने आव्हान गरेका छन्। उनले नेपाल, भारत र विश्वभर छरिएका कायस्थ समुदायका सदस्यहरूलाई समस्याको बेला एक-अर्कालाई सहयोग गर्ने परम्परा कायम राख्न आग्रह गरेका छन्। गुजरात बसाइका क्रममा डा. दत्तले विश्वकै अग्लो प्रतिमा 'क्तबतगभ या ग्लष्तथ' र ऐतिहासिक तथा धार्मिक महत्त्वको कुबेर मन्दिरको समेत अवलोकन गरेका छन्। साथै, उनले गुजरातमा बसेका नेपाली समुदायका प्रतिनिधिहरूसँग पनि भेटवार्ता गर्दै नेपाल- भारतबीचको ऐतिहासिक, सांस्कृतिक र सामाजिक सम्बन्ध अझ मजबुत बनाउनुपर्नेमा जोड दिएका छन्।

# नागरिकलाई विपदबाट जोगाउन सबैले साझा दायित्व निर्वाह गर्नुपर्छ: लेखी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ श्रावण**

मधेश प्रदेशका गृह सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले नागरिकलाई विपदबाट जोगाउन हामीसबैले साझा दायित्व निर्वाह गर्नुपर्ने बताउनुभएको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेश प्रदेशले बिहीबार जनकपुरधाममा आयोजना गरेको विपद (सुख्खा) संकटग्रस्त प्रतिकार्य कार्ययोजना तर्जुमा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो। उहाँले केही दिन परेको पानीका कारण तत्कालका लागि खानेपानी र सिँचाइको समस्या समाधान भए पनि आउने दिन पुनः



यस प्रकारको समस्या आउन सक्ने भन्दै प्रदेश सरकारले विपद (सुख्खा) संकटग्रस्त प्रतिकार्य कार्ययोजना तर्जुमा गर्न लागेको बताउनुभयो।

उहाँले विपदको सामना गर्ने कार्यमा विकास साझेदार संघ संस्थाहरुले गरेको सहयोग सराहनीय रहेको भन्दै आउने दिनमा पनि ती संघ संस्थाहरुको सहयोग रहनेमा आफू आशावादी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय कामकाज हामी आफनै स्रोतबाट गर्न सक्छौ। हामीले हाम्रो दायित्व छाडेर अरुको भरमा विश्वास गर्न थालेको कारण पनि धेरैजसो समस्या आइपरेको हुन्छ।"

मन्त्री लेखीले नहर, कुलोहरुको सरसफाईजस्ता काम हामीले आफनै स्रोत साधनबाट गर्नु पर्नेमा हाम्रो समाजले यस्ता कामका लागि पनि सरकारको सहयोगको अपेक्षा गर्न थालिएको बताउनुभयो। कार्यक्रममा बोल्ने बक्ताहरुले जमिन मुनिवाट हामीले पानी निकाले पनि पानी पुनरभरणको काम कहिले नभएको भन्दै चुरे भावर क्षेत्रमा पानी पुनरभरणको काम नभएसम्म समस्यावाट छुटकारा नपाइने बताउनुभयो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility




# तिजको सामाजिक महत्व

धार्मिक तथा सांस्कृतिक महत्व रहेको तिज पर्वले पुरुष प्रधान देश नेपालमा घरभित्र मात्रै खुम्चिएर बस्ने महिलाहरूलाई बाहिर निस्कन प्रेरित गर्ने र आफ्ना पीरमर्का आफ्ना निकटस्थ अन्य समक्ष राख्ने मौका दिने भएकाले यसको सामाजिक महत्व पनि त्यत्तिकै रहेको देखिन्छ। बसाइसराइ गरी विदेशमा बस्ने समस्त हिन्दु समुदाय खासगरी विदेसिएका नेपाली समाजमा वा विदेश भित्रको नेपालका स-साना बालिकालाई पिरियड बार्नुपर्ने विषयमा कन्भिन्स गर्न र व्यस्तताका बीच सम्भव नभएकाले विषय सही वा गलत जेहोला तर पनि, शास्त्र अनुसार यो पर्वको महत्वलाई नजरअन्दाज गर्न नसक्ने देखिन्छ। तिजमा मीठामीठा परिकार आफैंले पकाएर, आफन्तहरूलाई बोलाएर आफ्नै हातबाट खाना तयार गर्ने, खाने र खुवाउने चलन रहदै आएको देखिन्छ।

यस्तै नयाँ कपडा तथा गरगहना जोरजाम गर्ने पर्वका रूपमा पनि तिज अगाडि रहेको देखिन्छ। विवाह भएर टाढा पुगेका छोरीचेली एकसाथ भेला हुने, रमाइलो भेटघाटबीच मीठो एवं स्वादिष्ट परिकार, दर खाने, व्रत बसी सामूहिक पूजा गर्ने र नाचगानका माध्यमले आफ्ना दुःख सुखका पीरमर्का एकापसमा आदान प्रदान गर्ने अवसर तिजले नै जुटाउँदै आएको देखिन्छ। यस्ता चाडपर्वहरूको वैदिक, पौराणिक, धार्मिक, सामाजिक, सांस्कृतिक र वैज्ञानिक रहस्य सबैले मनन् गरेर सभ्य तथा समुचित ढंगले स्वदेशमा मात्र नभै विदेशमा समेत हाम्रो परम्परागत संस्कार अगाडि बढाउँदै यिनको पालना गर्नु हामी सबै हिन्दु धर्मावलम्बीको कर्तव्य रहेको देखिन्छ।

# (एसइई) को ग्रेड वृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीको सङ्ख्या घटे

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ श्रावण**

माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेड वृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीको सङ्ख्या घटेको छ। यसअघि असार १३ गते प्रकाशित भएको नतिजामा अनुत्तीर्ण भएका परीक्षार्थीका लागि राष्ट्रिय परीक्षा बोर्डले साउन २९ गतेदेखि ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्दै छ। बोर्डका अनुसार उक्त नतिजाबाट एक लाख ६७ हजार जना परीक्षामा अनुत्तीर्ण अर्थात् नन ग्रेडेड समूहमा परेका थिए।

सोही विद्यार्थीका लागि ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्न लागिएको हो तर परीक्षाका लागि योग्यमध्ये जम्मा एक लाख ४२ हजार ८५३ जनाले मात्रै परीक्षामा सहभागी हुन फाराम भरेको बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) टुकराज अधिकारीले जानकारी दिनुभयो। परीक्षा फाराम भरेकामध्ये सबै जना परीक्षामा सहभागी नभएको विगतको



अनुभव छ। ग्रेड वृद्धि परीक्षाका लागि बोर्डले मुलुकभर ४६९ केन्द्र तोकेको छ। परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजीको परीक्षा हुँदै छ। साधारण धारका विषयको परीक्षा भदौ ४ गते तथा प्राविधिक धारका भदौ ६ गते सकिने छ। ग्रेड वृद्धि परीक्षामा उत्तीर्ण हुनेलाई यसै शैक्षिक सत्रको कक्षा ११ मा पढ्न पाउने व्यवस्था गर्न लागिएको हुनाले बोर्डले सकेसम्म ग्रेड वृद्धि परीक्षाको नतिजा पनि दसैँअघि नै सार्वजनिक गर्ने गरी तयारी गरिरहेको छ। ८६० जनाको नतिजा परिवर्तनः असार १३ गते सार्वजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजामा चित्त नबुझेर पुनर्योग (रिटोटलिङ) गरेकामध्ये ८६० जनाको परीक्षाको नतिजामा परिवर्तन भएको छ। नतिजामा चित्त नबुझेपछि २७ हजार ३१५ जनाले पुनर्योगका लागि निवेदन दिएका थिए। परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार विभिन्न पाँच चरणमा पुनर्योगको नतिजा सार्वजनिक गरिएको थियो।

# दोषीको पहिचान गर्न ७ सदस्यीय समिति गठन

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, २९ श्रावण**



वीरगञ्ज कारागारमा कर्तव्य ज्यान मुद्दामा जेल जीवन बिताइरहेका राहुल साह तुरहाको मंगलबार नारायणी अस्पतालमा मृत्यु भएपछि अशान्ति भएको वीरगञ्ज जिल्ला प्रशासन कार्यालय पर्सामा सहमति भएपछि शान्त भयो।

घटनामा दोषीको पहिचान गरी १५ दिनभित्र प्रतिवेदन बुझाउन सहायक जिल्ला अधिकारी बाबुलाल रेग्मीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन भएकोमा सो समितिले निष्पक्ष ढंगले काम गर्नेमा शंका व्यक्त हुन थालेको छ। मंगलबार दिनभरि अस्पतालमा जेल प्रशासनभन्दा प्रजिअ गणेशकुमार अर्यालले रेफर गरिएको बिरामी राहुल साह तुरहालाई अन्यत्र उपचारका लागि जान नदिएकाले मृत्यु भएको भनी हल्ला चल्यो।

नाम नखुलाउने शर्तमा एक चिकित्सकले बताए अनुसार राहुललाई हृदयघात भएको र तत्काल जाली राख्नु पर्ने मा त्यसको उपचार नारायणी अस्पतालमा सम्भव नदेखेपछि मेडिकल अफिसर इराज खानले नेशनल मेडिकल कलेजमा उपचारका लागि रेफर गरेका थिए। उनलाई एम्बुलेन्समा लैजान खोज्दा अचानक सुरक्षाकर्मीहरूले "सीडीओ साहेबले यहीं उपचार गराउन भनेकोले अन्यत्र लैजान नमिल्ने" भने। सिकिस्त रहेका राहुलको समयमा उपचार नपाएपछि उनको मृत्यु भयो। प्रजिअ अर्यालसँग "तपाईले अनुमति दिनु भएन भन्ने कुरा बाहिर आएको छ" भनी प्रश्न गर्दा उनले भने, "म उपचारको व्यवस्था मिलाउन मेसुलाई निर्देशन दिएको थिएँ, आइसीयू खाली गरेर भए पनि उपचार गर्न भनेको हुँ।" उनको यो प्रतिक्रिया सामाजिक सञ्जालमा आएपछि व्यापक आलोचना सुरु भएको छ।




अनुरोधकर्ता
जलश्रोत तथा सिंचाई विकास डिभिजन
जलेश्वर,महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः लामो यात्राको योग छ
मिथुनः खानपानमा समस्या आउने
कर्कटः मित्रतामा फाटो आउने
सिंहः आम्दानी हुने
कन्याः अनावश्यक चिन्ता
तुलाः मनमा पछुतो आउने
वृश्चिकः अशुभ समाचार प्राप्त हुने
धनुः विचार गरेर बोल्नुहोला
मकरः पढाईमा ध्यान दिनुपर्ने
कुम्भः पिछडेको साथी मिल्ने
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : बिहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०५:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पुजा आरती : ०७:३० बजे
बिहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

## ट्रम्प-पुटिन भेटअघि युरोपेली नेता र जेलेन्स्कीको अनलाइन वार्ता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ श्रावण



युरोपेली नेताहरू र युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग शुक्रबार अनलाइन वार्ता गर्ने भएका छन् । राष्ट्रपति ट्रम्पले रुसी समकक्षी भ्लादिमिर पुटिनसँग युक्रेन युद्धबारे छलफल गर्ने तयारी गरेका बेला युरोपेली नेताहरूले युक्रेनको हितको रक्षा गर्नका लागि यस्तो कदम चालेका हुन् ।

जर्मन चान्सलर फ्रेडरिक मर्जका अनुसार, जेलेन्स्की जर्मनीमा आयोजना हुने भिडियो कन्फ्रेन्समा सहभागी हुन बर्लिन जानेछन्। यस वार्तामा फ्रान्सेली, बेलायती र अन्य युरोपेली नेताहरूका साथै युरोपेली संघ (ईयू) र नेटोका प्रमुखहरू पनि सहभागी हुनेछन्। त्यसपछि उनीहरूले ट्रम्प र उपराष्ट्रपति जेडी भान्ससँग दोस्रो चरणमा 'कन्फ्रेन्स कल' मा कुरा गर्ने अपेक्षा गरिएको छ।

ट्रम्प र पुटिनबीच शुक्रबार हुने भेटवार्तामा जेलेन्स्की सहभागी नहुने भएपछि युक्रेनलाई भूमिसम्बन्धी पीडादायी सहुलियतमा बाध्य पारिन सक्ने डर बढेको छ । युरोपेली संघका नेताहरूले युक्रेनको आफ्नो भाग्य आफैं रोज्ने अधिकारमा जोड दिँदै अन्तर्राष्ट्रिय सीमाहरू बलपूर्वक परिवर्तन गर्न नहुने बताएका छन् । जेलेन्स्कीले पनि मस्कोले दाबी गरेको डोनबास क्षेत्रबाट सेना फिर्ता लिन अस्वीकार गरेका छन् ।

## शिल्पा शेट्टी र राज कुन्द्रामाथि ६० करोड रुपैयाँ ठगीको आरोप, मुद्दा दर्ता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ श्रावण



बलिउड अभिनेत्री शिल्पा शेट्टी र उनका पति राज कुन्द्रा फेरि एक पटक समस्यामा परेका छन् । शिल्पा र राज कुन्द्रामाथि ६० करोड रुपैयाँ ठगीको आरोप लागेको छ । यस सम्बन्धमा मुम्बईस्थित आर्थिक अपराध शाखाले शिल्पा र राजविरुद्ध ६० करोड ४० लाख भारु ठगी गरेको आरोपमा मुद्दा दर्ता गरेका छन् ।

उनीहरूमाथि मुम्बईका एक व्यापारीलाई ठगी गरेको आरोप छ । अभिनेत्री र उनका पतिविरुद्ध जुहू प्रहरी स्टेसनमा ठगी र जालसाजीको धारा अन्तर्गत मुद्दा दर्ता गरिएको समाचारमा उल्लेख छ । यद्यपि, यसमा संलग्न रकम १० करोड रुपैयाँभन्दा बढी भएकोले मुद्दा आर्थिक अपराध विभागमा हस्तान्तरण गरिएको छ। दीपक कोठारीले दर्ता गरेको भनिएको उजुरीको प्रारम्भिक अनुसन्धानपछि यो सम्पूर्ण मुद्दा दर्ता भएको हो । दीपक कोठारी जुहूका निवासी र लोटस क्यापिटल फाइनान्सियल सर्भिसेज नाम गरेको इयटा एनबीएफसीका निर्देशक हुन्।

दीपक कोठारीका अनुसार, उनले २०१५ मा एजेन्ट राजेश आर्य मार्फत शिल्पा र कुन्द्रालाई भेटेका थिए। त्यतिबेला दुवै जना बेस्ट डिल टिभीका निर्देशक थिए र शिल्पासँग कम्पनीको ८७ प्रतिशत भन्दा बढी शेयर थियो। बैठकमा दीपकले शिल्पा र राज कुन्द्राको कम्पनीलाई ऋण दिने तय भयो । कम्पनीको लागि ७५ करोड रुपैयाँ ऋण मागिएको थियो, जसमा १२ प्रतिशत वार्षिक ब्याज तोकिएको थियो । पछि शिल्पा र कुन्द्राले उनलाई ऋणमा कर सम्बन्धी समस्या हुन सक्छ भनेर बताएकाले उनीहरूले यसलाई लगानीको रूपमा देखाउनुपर्छ र हरेक महिना प्रतिफल दिने बताएको दीपक कोठारीको आरोप छ।

## आजका लागि विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ श्रावण



नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको सटहीदर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार आज अमेरिकी डलर एकको खरिददर १३९ रूपैयाँ ६१ पैसा र बिक्रीदर १४० रूपैयाँ २१ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ५२ पैसा र बिक्रीदर १६४ रुपैयाँ २२ पैसा रहनेछ । यस्तै, आज पाउन्ड स्टर्लिङ एकको खरिददर १८९ रूपैयाँ ४९ पैसा र बिक्रीदर १९० रूपैयाँ ३० पैसा, स्विस फ्याङ्क एकको खरिददर १७३ रूपैयाँ ६९ पैसा र बिक्रीदर १७४ रूपैयाँ ४३ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९१ रूपैयाँ ४७ पैसा र बिक्रीदर ९१ रूपैयाँ ८६ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रूपैयाँ ४६ पैसा र बिक्रीदर १०१ रूपैयाँ ८९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रूपैयाँ ०६ पैसा र बिक्रीदर १०९ रूपैयाँ ५३ पैसा निर्धारण गरिएको छ । यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ ४६ पैसा र बिक्रीदर नौ रूपैयाँ ५० पैसा तोकिएको छ । चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ ४६ पैसा र बिक्रीदर १९ रूपैयाँ ५४ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ २१ पैसा र बिक्रीदर ३७ रूपैयाँ ३७ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ३० पैसा र बिक्रीदर ३८ रूपैयाँ ४७ पैसा कायम भएको छ ।

## एन्फा महिला लिग छनोट सुरु, छहारी र संकटाको विजयी सुरुवात

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ श्रावण




अखिल नेपाल फुटबल सङ्घ(एन्फा)को आयोजनामा बिहीबार देखि एन्फा महिला लिग छनोट आयोजना सुरु भएको छ। बिहीबार एन्फा कम्प्लेक्स सातदोबाटेमा प्रमुख अतिथि ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु मर्हजर्नले उद्घाटन गरे।


उद्घाटन खेलमा छहारी क्लबले एफसी रियललाई ३-० ले हराएको छ। छहारीले पहिलो हाफमा ललिता मण्डल र सुमित्रा सिंह पाखिनको गोलमा अग्रता लिएको थियो। दोस्रो हाफमा सानिमा माया लोले गोल गरिन् । अर्को खेलमा सङ्कटाले नेपाल खेलकुद क्लबलाई १-० ले हरायो। सो खेलमा सङ्कटाका लागि दोस्रो हाफमा यशोदा शाहीले गोल गरिन्। एन्फा फुटबल मैदान सातदोबाटोमा जारी प्रतियोगितामा १४टोलीको सहभागिता छ। सहभागी मध्यबाट उत्कृष्ट ५ टोली एन्फा महिला लिगमा छनोट हुने छन्।

सहभागी टोलीलाई २ समूहमा विभाजन गरिएको छ। दुवै समूहमा शीर्ष दुई स्थान पाउने टोली एन्फा लिगमा सहभागी हुने छन् भने समूहमा तेस्रो स्थान पाउने दुई टोलीका बिचमा प्ले अफ खेल मार्फत पाँचौं टोलीको टुङ्गो लाग्ने छ। समूह एमा चर्च ब्वाइज युनाइटेड, छहारी फुटबल क्लब, राप्ती एफसी, सिन्धुपाल्चोक एफसी, स्टुडेन्ट फुटबल क्लब, आरबी रिसोर्ट एन्ड बिच फुटबल तथा एफसी रियल छन्।

समूहबीमा एनआरटी, सङ्कटा एफसी, बुटवल लुम्बिनी एफसी, एन्बिएम पोखरा गर्ल्स एफसी, झापा एफसी, लम्की फुटबल एन्ड ट्रेनिङ सेन्टर तथा नेपाल खेलकुद क्लब छन्। पहिलो दिन एफसी रियल र छहारी तथा सङ्कटा एफसी र नेपाल खेलकुद क्लबका बिचमा खेल हुने छ।



अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जनताको तटबन्ध कार्यालय जलेश्वर
महोत्तरी, मधेश प्रदेश

# नेपालका मुल संकटहरु - भ्रष्टाचार, बेरोजगारी, अस्थिरता, सेवामा कमजोरी, र शिक्षामा गिरावट- सबैको मूल जड नै नैतिकताको अभाव



-प्रेमचन्द्र झा

-नैतिकता भन्नाले सच्चा कुरा बोल्नु, राम्रो व्यवहार गर्नु, गलत काम नगर्नु, अरूको सम्मान गर्नु, इमानदार हुनु र आफ्नो कर्तव्य पुरा गर्नु नै नैतिकता हो । यो कुनै किताबमा मात्र लेखिएको कुरा होइन, हाम्रो जीवनको हरेक पाटोमा लागू हुने व्यवहार हो। हामी कुन कुरालाई राम्रो र कुन कुरालाई नराम्रो मान्छौं भन्ने कुरा पनि नैतिकताको आधारमा तय हुन्छ। नेपाल जस्तो विविधताले भरिएको देशमा, जहाँ विभिन्न जात, धर्म, भाषा र संस्कृतिका मानिसहरू एउटै समाजमा बस्छन्, त्यहाँ नैतिकता झनै महत्वपूर्ण हुन्छ। जब व्यक्ति, परिवार, समाज, संस्था, र राज्य सबैमा नैतिकता हुन्छ, तब मात्र एउटा सभ्य, समृद्ध र न्याययुक्त देश बन्न सक्छ। तर अहिलेको समयमा नेपालमा नैतिकताको स्थिति कमजोर हुँदै गएको छ। मानिसहरू पैसा, पद, पहुँच र व्यक्तिगत फाइदाको पछि लागेर नैतिक मूल्य भुल्दै गएका छन्। राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, कृषि, सेवा सबै क्षेत्रमा अनैतिकता बढ्दो छ। यस्तो अवस्थामा नैतिकता के हो, कसरी हराउँदै गइरहेको छ, र कसरी पुनःस्थापना गर्न सकिन्छ भन्ने बारे गहिरो रूपमा बुझ्नु आजको आवश्यकता हो। नैतिकता भनेको आत्मभान हो–आफ्नो व्यवहार, निर्णय र सोचमा के सही हो, के गलत हो भन्ने छुट्याउने चेतना। नैतिकता कुनै कानून होइन, तर यसले कानुनभन्दा गहिरो असर पार्छ जसको मनभित्र नैतिकता हुन्छ, उसले कसैले नहेर्दा पनि राम्रो काम गर्छ, झूट बोल्दैन, चोरी गर्दैन, अरूलाई दुख नदिई आफ्नो काम गर्छ। नैतिकता जीवनका धेरै पक्षसँग जोडिएको हुन्छ–जस्तै सत्यता, ईमानदारी, सहिष्णुता, कर्तव्यबोध, करुणा, अनुशासन, जिम्मेवारी, आत्मसंयम, सेवा भावना, र पारदर्शिता। जब यी गुणहरू व्यक्ति र संस्थामा हुन्छन्, तब नै समाज न्यायपूर्ण र सुरक्षित हुन्छ।

नेपालमा सबैभन्दा बढी नैतिकताको प्रश्न राजनीति क्षेत्रमा उठाइन्छ। नेताहरूले चुनावमा जनतालाई अनेक वाचा गर्छन्–तर सरकार बनेपछि ती वाचा बिर्सिन्छन्। पदको दुरुपयोग, भ्रष्टाचार, आपसी लडाइँ, भागबन्डा र पहुँचको राजनीति आज नेपाली राजनीतिमा सामान्य बनिसकेको छ। कतिपय नेताहरू जनताको सेवा गर्नुको सट्टा सत्तामा टिकिरहन, आफन्त र कार्यकर्तालाई लाभ दिन, र आफू धनी बन्न राजनीति गर्छन्। दलहरूले घोषणा पत्रमा जे लेख्छन्, व्यवहारमा त्यो देखिँदैन। संसद जस्तो उच्च निकायमा पनि विचारभन्दा शक्ति प्रदर्शन बढी देखिन्छ। राजनीतिमा नैतिकता भन्नाले सत्ताको लोभ नलिने, जनतासँग गरेको वाचा पुरा गर्ने, सार्वजनिक सम्पत्तिलाई आफ्नो सम्पत्ति नठान्ने, पारदर्शी निर्णय गर्ने, भ्रष्टाचार नगर्ने, र राष्ट्रहितलाई प्राथमिकता दिने–यिनै हुन् राजनीतिक नैतिकताको मूल तत्व। जब नेताहरू नैतिक हुन्छन्, तब मात्र जनताले पनि राजनीतिलाई सम्मान गर्न थाल्छन्।


सरकारी कर्मचारीहरूलाई प्रायः "जनताको सेवक" भनिन्छ। तर आजको यथार्थ त्यो भन्दा धेरै टाढा छ। सरकारी कार्यालयमा काम गराउन जानु भनेको घण्टौं कुर्नु, फाइल खोज्नु, सिफारिस ल्याउनु, र कहिलेकाहीं घूस खुवाउनु भन्ने बुझिन्छ। धेरैजसो कर्मचारीहरू काममा ढिलो पुग्छन्, समयमै फाइल नहेर्छन्, सेवाग्राहीलाई हेलचेक्र्याउँ गर्छन्। कतिपयले त ठूला नेतासँगको सम्बन्ध देखाएर गैरकानुनी काम गरिदिन्छन्। सरकारी योजना, अनुदान, ठेक्कापट्टा, भर्ना, सरुवा आदि सबैमा पारदर्शिता नभएको गुनासो सर्वत्र सुनिन्छ। राष्ट्रसेवक कर्मचारीहरूमा कार्यक्षमता, समयपालन, निष्पक्षता, उत्तरदायित्व, सेवा भावना, इमानदारी, र कर्तव्यप्रति निष्ठा हुन जरुरी छ। जब कर्मचारीहरू आफ्नो कामलाई धर्म सम्झेर गर्छन्, तब जनताले पनि सरकारी सेवा प्रति भरोसा राख्न थाल्छन्। महिला समाजको आधा हिस्सा हुन्। उनीहरू घर, समाज र राष्ट्रको विकासमा समान रूपमा महत्वपूर्ण छन्। तर लामो समयसम्म महिलालाई दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गरिएको इतिहास छ। पछिल्ला वर्षहरूमा शिक्षा, रोजगार, राजनीति, र कानुनी अधिकारमा प्रगति भए पनि व्यवहारिक रूपमा महिला अझै पनि धेरै समस्यामा छन्। केही महिला सशक्त भए पनि अवसरको दुरुपयोग, पहुँच र राजनैतिक संलग्नताका कारण अनैतिक गतिविधिमा पनि संलग्न भएको पाइन्छ। कतिपय महिलाले योजनाको नाममा लाभ लिने तर काम नगर्ने, संगठित रूपमा दबाब दिने, पदको दुरुपयोग गर्ने गरेका उदाहरण पनि छन्। महिलामा आत्मसम्मान, पारिवारिक जिम्मेवारी, सामाजिक न्यायमा विश्वास, ईमानदारी, र सहिष्णुता हुन जरुरी छ। महिला सशक्तीकरण केवल कानुनी अधिकारले मात्र होइन, नैतिक जिम्मेवारीले पनि पूर्ण हुन्छ। विद्यार्थीहरू राष्ट्रको भविष्य हुन् भन्ने भनाइ सबैले सुनिसकेका छन्। तर आजका विद्यार्थीहरू राजनीतिक दलका समर्थक भएर आफू पढ्न भन्दा बढी अरूलाई दबाब दिने काममा लागेका छन्। शिक्षण संस्था भित्र हड्ताल, तोडफोड, गुरु-शिष्य सम्बन्धमा गिरावट, नकल, अनुशासनहीनता आदिले नैतिक मूल्य खस्किरहेको देखिन्छ। शिक्षा भनेको केवल किताबको ज्ञान होइन, जीवनको आचरण हो। विद्यार्थीमा समयको मूल्य बुझ्ने, इमानदारीपूर्वक अध्ययन गर्ने, शिक्षक र अभिभावकको सम्मान गर्ने, विचार र व्यवहारमा सन्तुलन राख्ने क्षमता विकास हुनु आवश्यक छ। नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ। किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन। कतिपय अवस्थामा किसानहरू आफू उत्पादन गर्नुभन्दा पनि विदेशबाट आएको वस्तु उपभोग गर्न बाध्य छन्। केही किसानले अनुदानको दुरुपयोग गर्ने, झूटा कागजात बनाउने, सहकारीमा अनियमितता गर्ने जस्ता व्यवहार पनि देखिन्छ। यस्तो प्रवृत्तिले सबै किसानको नाम बदनाम हुन्छ। अर्कातर्फ, सरकारको कमजोरी र बजार व्यवस्थापनको अभावले गर्दा पनि किसानहरू हतोत्साहित भएका छन्। किसानमा इमानदारी, सहयोगी भावना, पारदर्शिता र मिसावटविहीन उत्पादन गर्नु अत्यावश्यक हुन्छ।

व्यापारीहरू समाजका आर्थिक इन्जिन हुन्। उनीहरूकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरू देखिन्छन्। व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन। व्यापारीमा सत्य र पारदर्शी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन्। नेपालमा विभिन्न पेशा गर्ने व्यक्तिहरू–जसमा डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षकजस्ता सम्मानित व्यक्तिहरू छन्–तिनीहरूलाई समाजले ठूलो आदर गर्छ। तर हालका दिनमा यिनै पेशामा पनि नैतिकताको गिरावट देखिँदै गएको छ। डाक्टरहरूमा करुणा, संवेदनशीलता, समयको कदर, र बिरामीप्रतिको सहानुभूति अत्यावश्यक छ। इन्जिनियरहरूमा गुणस्तरीयता, पारदर्शिता, प्राविधिक इमानदारी, र राष्ट्रप्रतिको जिम्मेवारी जरुरी छ। पत्रकारहरूमा सत्य, निष्पक्षता, स्रोतको गोपनीयता, र जनताको हितमा काम गर्ने भावना हुनुपर्छ। शिक्षकहरूमा आत्मबल, ज्ञानको निष्ठा, विद्यार्थीप्रतिको माया, र साँचो गुरु बन्ने भावना अनिवार्य छ। आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको हो।आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको प्रभाव अहिलेको समाजमा अत्यन्त बलियो छ। सूचना, समाचार, विचार, बहस र चेतना जनतासम्म पुऱ्याउने काम यिनै माध्यमबाट हुन्छ। तर सूचना भन्दा अफवाह, सत्य भन्दा सनसनी, शिक्षाप्रद कुरा भन्दा विवादास्पद सामग्रीहरू बढी प्रस्तुत हुने क्रम बढेको छ। कुनै पनि विषयको पुष्टि नगरी समाचार बनाउने, वा सामाजिक संजालमा अफवाह फैलाउने काम बढ्दो छ। कतिपय मिडिया संस्थाहरू राजनीतिक स्वार्थमा काम गरिरहेका छन् भने कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अरूको चरित्र हत्या गर्न, जातीय घृणा फैलाउन वा झूठो समाचार फैलाउन सक्रिय देखिन्छन्। संचार माध्यम र सामाजिक सञ्जालमा सत्य, विवेक, शिष्टता, र सहनशीलता हुनु अत्यावश्यक छ। जसरी कागजको समाचार विश्वासिलो हुनुपर्छ, त्यसैगरी डिजिटल पोस्ट पनि साँचो, प्रमाणमा आधारित र समाज हितमा हुनुपर्छ। अरूको गोपनीयता, आत्मसम्मान, र सामाजिक सद्भावलाई असर पुऱ्याउने कुनै पनि सूचना अनैतिक हुन्छ। त्यसैले मिडिया र सामाजिक संजाल प्रयोगकर्ताले आफू जिम्मेवार नागरिक भएको प्रमाण दिनुपर्छ। हाम्रो समाजको आधार भनेको नागरिक नै हो।

हरेक नागरिकले आफू जहाँ छ, जस्तो छ, त्यहींबाट नैतिक व्यवहार गर्न सुरु गरे भने समाज बदलिन धेरै समय लाग्दैन। सार्वजनिक ठाउँमा फोहोर नगर्नु, लाइनमा पालो पालना गर्नु, कर तिर्नु, झूट नबोल्नु, सवारी नियम पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, छिमेकीसँग सहिष्णु व्यवहार गर्नु–यी सबै साधारण लाग्ने कामहरू नै हाम्रो नैतिकता हो। कहिलेकाहीं हामी कानुन नलाग्ने ठाउँमा जानीजानी अनैतिक काम गर्छौं जस्तो–पानी चोरेर सिंचाइ गर्नु, लोडसेडिङमा अनधिकृत लाइन जोड्नु, वा चाडपर्वमा मादक पदार्थ सेवन गरेर होहल्ला गर्नु। यस्ता व्यवहारले समाजको अनुशासन मात्र होइन, हाम्रो व्यक्तित्व पनि कमजोर पार्छ। नैतिक नागरिक बन्ने काम स्कूल, धर्म, समाज वा सरकारको मात्र जिम्मा होइन–व्यक्ति स्वयंको हो। सानैदेखि यो चेतना विकास गरे मात्रै दीर्घकालीन प्रभाव पर्छ। नैतिकता समाजमा पुनःस्थापना गर्नका लागि धेरै उपायहरू अपनाउन सकिन्छ। पहिलो, हाम्रो शिक्षा प्रणालीमा नैतिक शिक्षा अनिवार्य हुनुपर्छ, बाल्यकालदेखि नै मूल्य-आधारित शिक्षा दिनुपर्छ। विद्यार्थीलाई केवल परीक्षा पास गर्ने होइन, राम्रो मानिस बन्ने शिक्षामा जोड दिनुपर्छ। दोस्रो, शिक्षक, अभिभावक र समाजले केवल उपदेश होइन, व्यवहारबाट उदाहरण देखाउनुपर्छ। तेस्रो, धार्मिक र सांस्कृतिक संस्थाहरूले मानवता र सदाचारको प्रचार गर्नुपर्छ, अन्धविश्वास होइन। चौथो, सामाजिक सञ्जालमा प्रयोगकर्तालाई सचेत बनाउने अभियानहरू चलाउनुपर्छ, जसले साइबर मर्यादा सिकाउँछ। पाँचौं, भ्रष्टाचार, अनियमितता, र पदको दुरुपयोग गर्नेलाई जुनसुकै तहको व्यक्ति भए पनि कानुनी रूपमा कडा कारबाही गरिनुपर्छ। छैठौं, सामुदायिक तहमा नैतिक बहस, गोष्ठी, नाटक, चित्रकला, कविता, लेखनजस्ता सृजनात्मक कार्यक्रमबाट चेतना फैलाउनु पर्छ। अन्तिममा, नैतिक व्यक्ति, संस्था वा नेतृत्वलाई सार्वजनिक रूपमा सम्मान गर्ने संस्कार बसाल्नुपर्छ, जसले समाजमा राम्रोको प्रेरणा दिन्छ। नैतिकता भन्नु केवल आदर्श होइन, व्यवहार हो। यो हाम्रै बोली, चालचलन, सोच, कर्म, सम्बन्ध र जिम्मेवारीमा झल्किन्छ। जब मानिसहरूमा नैतिकता बलियो हुन्छ, तब समाज स्वतः सुरक्षित, न्यायपूर्ण र शान्त हुन्छ। तर जब नैतिकता कमजोर हुन्छ, तब कानुनले मात्र सबै कुरा रोक्न सक्दैन।

नेपालमा आज जुन संकटहरू छन्–भ्रष्टाचार, बेरोजगारी, राजनीतिक अस्थिरता, सेवा प्रवाहमा कमजोरी, शिक्षा र स्वास्थ्यमा गिरावट, सामाजिक असहिष्णुता–यी सबैको मूल कारण नै नैतिकताको कमी हो। जब व्यक्ति, संस्था, र राज्य नैतिक बन्छ, तब कानुन, नीति, योजना र विकास स्वाभाविक रूपमा सफल हुन्छन्। त्यसैले अब समय आएको छ कि हामी सबै–राजनीतिज्ञ, कर्मचारी, महिला, विद्यार्थी, किसान, व्यापारी, पेशाकर्मी, मिडिया, र सामान्य नागरिक–आ-आफ्नो ठाउँबाट नैतिकता अभ्यासमा लागौं। त्यसैबाट मात्रै साँचो परिवर्तन सम्भव हुन्छ। व्यक्तिको आत्मा शुद्ध भए समाज स्वतः सबल हुन्छ। अनि मात्र राष्ट्र बन्न सक्छ–न्याययुक्त, समावेशी, स्वाभिमानी र समृद्ध।

(झा ,प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाका पुर्व अध्यक्ष हुन्)।



अनुरोधकर्ता
भू तथा जलाधार व्यवस्थापन कार्यालय
जलेश्वर,महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday